# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या: २०७५।७६

च. नं.

मिति: २०७५।१२।१२

श्री प्रमुखज्यू,
बेलडाँडी गाउँपालिका,
बेलडाँडी, कञ्चनपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

यस कार्यालयबाट बेलडाँडी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शन र अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड १४ लाख ६९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१६ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.७७ लाख ४० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ लाख ४४ हजार र पेश्की रु.१७ लाख ६७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।३० मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रियासहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

**कैफियतसहितको लेखापरीक्षण राय** - कैफियतसहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरुबाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन, आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# बेलडाँडी गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न बेलडाँडी गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालनगर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । सुदुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा रहेको यो गाउँपालिकाको वडा संख्या ५ तथा क्षेत्रफल ३६.५४ वर्ग किलोमिटर र जनसंख्या २९ हजार ४२८ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष :–** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | १,९७,०८,३७२/९३ | १ | **चालु खर्च** | ११,५६,४३,५७९/८० |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | ११,८९,७८,१२६/७५ |
| | ख) बैंक | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | - |
| २ | **राजस्व (आन्तरिक आय)** | ४४,८८,८८५/४५ | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | - |
| ३ | **वित्तीय हस्तान्तरण** | १८,७२,६०,४६६/१० | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | **धरौटी फिर्ता** | १३,०९,३५०/- |
| | घ) विशेष अनुदान | | ६ | **कोष खर्च** | - |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | २,५३,०००/- | | | |
| | क) वित्तीय समानीकरण अनुदान | | | | |
| | ख) सशर्त अनुदान | | | | |
| | ग) समपूरक अनुदान | | ७ | **विषयगत कार्यालय खर्च** | - |
| | घ) विशेष अनुदान | | ८ | **मौज्दात** | १,५५,९१,२५२/२८ |
| ६ | **विभिन्न कोषतर्फको आय** | १२,४२,७२८/३५ | | क) नगद मौज्दात | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ३,४६,३२,११८/- | | ख) बैंक मौज्दात | |
| १० | **धरौटी आय** | ३९,३६,७४१/- | | | |
| | **जम्मा** | २५,१५,२२,३०८/८३ | | **जम्मा** | २५,१५,२२,३०८/८३ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आर्थिक विवरण :–** गाउँपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएबमोजिम दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ। सोअनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति नदेखाउने भएकोले तोकिएअनुसारको लेखा राख्नुपर्दछ । | |
| २. | **कार्यक्रमगत खर्च खाता :–** स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खाता राख्दा कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापनसमेत सजिलै यकिन हुने हुँदा उक्त खाता राखी खर्च लेख्नु पर्दछ । | |
| ३. | **बजेट पेश गर्ने तथा पारित गर्ने :–** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र आय व्ययको साथमा गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको | |

योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७४।५।७ गते पारित भएको पाईयो । ऐनले तोकेको व्यवस्थाअनुसार नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट पारित गर्नुपर्दछ ।

४. **खर्च गर्ने अख्तियारी र कार्यविधि :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ भाद्र ७ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिनभित्र नै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

५. **बजेट अवण्डा राखेको** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी ५ वटा वडाहरुमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा एकमुष्ठ रुपमा रु. ६९ लाख ५५ हजार बजेट व्यवस्था गरेको छ । परिषद्बाट योजनागत बजेट तयार नगरीपछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा परिषद्बाट नियममा तोकिएवमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ ।

| सि. नं. | कार्यक्रम वा आयोजना | अवण्डा रकम |
|---|---|---|
| १ | समपुरक कोष अन्य विविध | ५०,५०,०००।०० |
| २. | छाडा चौपाया व्यवस्थापन | १०,००,०००।०० |
| ३. | अन्य विविध कार्यक्रम | ९,०४,५६०।०० |
| | **जम्मा** | **६९,५४,५६०/-** |

६. **आर्थिक सहायता दिएको :–** महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या निर्देशिका, २०७४ मा आर्थिक सहायता दिन नपाउने व्यवस्था गरेको छ । गाउँपालिकाले वित्तिय समानिकरण अनुदानबाट विभिन्न व्यक्ति तथा संस्थालाई रु. ३ लाख ९४ हजार ५ सय आर्थिक सहायता दिएको नियमसम्मत देखिएन ।

७. **खरिद गुरु योजना :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. दश करोडभन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम (१) मा उल्लेखित कुरा खुलाई खरिद गुरुयोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिवबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित अधिकांश योजनाहरुको निर्माण अवधि एक वर्षभन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद गुरु योजना तयार गरी स्वीकृत भएको देखिएन । वहुवर्षिय ठेक्काहरुको व्यवस्थापन गर्दा खरिद गुरु योजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **वार्षिक खरिद योजना :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक रु. दश लाखभन्दा बढी रकमको खरिद, निर्माण तथा परामर्श सेवा प्राप्त गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने, चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सोअनुरुप वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र त्यस्तो योजनाको एक एक प्रति तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले खरिद कारबाही निर्धारित समयमा सम्पन्न भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूँजीगत खर्च रु. ११,८९,७८,१२६।७५ गरेकोमा खरिद योजना तयार नगरेको र तालुक कार्यालयबाट अनुगमन गरेको देखिएन । नियमानुसारको खरिद योजना तयार गरेर मात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

९. **डि. एल. पी. अभिलेख :–** सार्वजनिक खरिद नियमावलीको नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भइ त्रुटि सच्याउने दायित्व (डि. एल. पी.) अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, निर्माण भए बमोजिमको नक्सा र कार्य सम्पन्न प्रतिवेदन सम्वन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र वोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निज भन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउन पुऱ्याउनको लागि ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचवुझ गराउनुपर्नेमा डि. एल. पी. मा रहेका ठेक्काको अभिलेख नै राखेको देखिएन । यो आर्थिक वर्षमा गत विगतबाट जिम्मेवारी सरी आएकासमेत १७ वटा ठेक्काको रु. ४ करोड ९७ लाख ७० हजारको निर्माण कार्य सम्पन्न भएको देखिन्छ । नियमानुसारको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

१०. **यातायात गुरु योजना :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८(५) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय तहलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यातायात गुरु योजना बिना नै यस वर्ष सञ्चालन गरेका योजनाहरुमध्ये ९५ प्रतिशत योजनाहरु सडक निर्माण तथा योजना सञ्चालन गरेको पाइयो । यातायात गुरुयोजना तयार गरी सडक निर्माण तथा सञ्चालन गर्न ध्यान दिनुपर्दछ ।

११. **योजना खण्डीकरण** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी निम्न शीर्षकहरुमा एकमुष्ठ रुपमा बजेट व्यवस्था गरेको छ । परिषद्बाट पारित योजना र बजेटलाई गाउँ कार्यपालिकाको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका योजनामा खर्च गरेका छन् । नियममा तोकिएबमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ ।

| सि. नं. | परिषदबाट पारित हुँदाको योजना | रकम | पछि निर्णय गरेको योजना | रकम |
|---|---|---|---|---|
| १ | समपुरक कोषमा एकमुष्ठ राखेको रकम रु. ४८,९८,५००।- मध्ये | ४२,५५,९४०/- | **क)** ओम शान्तिदेखि ढकनिया हुँदै बैवाह जाने सडक स्तरोन्नती | ३३,९६,०००/- |
| | | | **ख)** स्टार मिडिया नेटवर्क | १,६९,५००/- |
| | | | **ग)** परिक्षा सञ्चालन व्यवस्थापन | ७८,४४०/- |
| | | | **घ)** प्रहरी चौकी मर्मत सम्भार, झिलमिला | १२,०००/- |
| | | | **ङ)** राज बहादुर मडैको घरदेखि ईमलिया जोड्ने मुल बाटो स्तरोन्नती कार्य वार्ड नं. ५ | ३,००,०००/- |
| | | | **च)** धन सिंह कार्कीको घर हुँदै नर बहादुर पाण्डेको घरदेखि नहरसम्मको सडक स्तरोन्नती कार्य वार्ड नं. २ | ३,००,०००/- |
| | **जम्मा** | ४२,५५,९४०/- | **जम्मा** | **४२,५५,९४०/-** |

१२. **योजना छनौट :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. ११(२) मा आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट गाउँपालिकाले दुई लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था गरेको छ । कार्यालयले आर्थिक वर्ष २०७४।७५ मा उपरोक्त अनुसारका योजना छनौट तथा कार्यान्वयन गरेको देखिएन । कार्यविधिको पालना गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरणहरु निम्न अनुसार छन्:

| सि. नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | भुईया मन्दिर निर्माण कार्य | ९७,०००/- |
| २. | राधाकृष्ण मन्दिरमा घेरावार | ४८,५००/- |

| | | |
|---|---|---|
| ३. | भोग्लानाला देखि जयलाल जोशीको घर हुँदै खैरीघाट नहरसम्मको सडक ग्राभेल कार्य | ९७,०००/- |
| ४. | अमर बहादुर रोकायको घर देखि मदन रोकायको दोकानसम्मको सडक ग्राभेल कार्य | ९७,०००/- |
| ५. | हरिश गिरीको घर देखि जोगी सिंहको घरसम्मको सडक ग्राभेल कार्य | ४८,५००/- |
| ६. | गड्डा टोलमा दुर्गा मन्दिर मर्मत कार्य | ३८,८००/- |
| ७. | स्वास्थ्य चौकीमा ल्याव निर्माण कार्य | ९७,०००/- |
| ८. | नागु लुहारको घर देखि नन्द हवल्दारको घरसम्म सडक ग्राभेल कार्य | ९७,०००/- |
| ९. | उमेश भट्टको घर देखि दल ओखेडाको घरसम्म सडक ग्राभेल कार्य | ९७,०००/- |
| १०. | हरिकलाको घर देखि मदन भट्टको घरसम्म सडक ग्राभेल कार्य | ९७,०००/- |

१३. **ऐन नियम परिपालना तथा आन्तरिक नियन्त्रण पद्धति :–** सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन आर्थिक कार्यविधि ऐन नियमको पूर्णरुपमा परिपालना हुनुपर्दछ । कार्यालयले सोको पूर्ण रुपमा परिपालना गरेको देखिन आएन । ऐन नियमको परिपालना नगरेको तथा आन्तरिक नियन्त्रण प्रणाली सवल नबनाएका व्यहोराहरु देहाय अनुसार छन्:

१३.१ **जोखिम पहिचान :–** कार्यालयले सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरणका लागि प्रयत्न नगरेकाले जोखिम पहिचान गरी निराकरणका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

१३.२ **नागरिक वडापत्र :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्र कार्यालय परिसरभित्र सबैले देख्ने ठाउँमा राख्नुपर्ने र कार्यालयले सूचना अधिकारी तोकी कार्यालयको गतिविधि वेभसाइटमा अद्यावधिक गरी राख्नुपर्नेमा सोको पूर्ण रुपमा पालना भएको देखिएन ।

१३.३ **कार्य विवरण :–** निजामती सेवा ऐन, २०४९ को दफा ५क को उपदफा (१) मा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार कार्य विवरण बनाई लागु गर्नुपर्दछ ।

१३.४ **कार्यालयको निरीक्षण :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४०(१) मा तालुक कार्यालयले आफु मातहत रहेको कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरेको देखिएन । कार्यालयबाट हुने सेवा प्रवाहमा प्रभावकारिता ल्याउन अनुगमन तथा निरीक्षण हुनुपर्दछ ।

१३.५ **जिन्सी :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम कार्यालयमा रहेका जिन्सी मालसामानको लगत खडा गरी वर्षको कम्तीमा एक पटक नियमावलीमा तोकिएको कार्यविधि पुरा गरी जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुरुप भए गरेको पाइएन ।

१३.६ **भ्रमण अभिलेख तथा प्रतिवेदन :–** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा सोअनुसार गर्ने गरेको पाईएन । तोकिए बमोजिम भ्रमण अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्नुपर्दछ ।

१३.७ **न्यूनतम दररेट निर्धारण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने प्रावधान छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवालाई सहज बनाउन न्यूनतम दररेट निर्धारण गरेको छैन भने जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरको दररेटको पनि पालना गरेको देखिएन । उपरोक्त प्रावधानको पूर्ण पालना गर्नुपर्दछ ।

१३.८ **कर भुक्तानीको जानकारी :–** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन ।

१३.९ **गुणस्तर परीक्षण :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेमा मोटरसाईकल, ल्यापटपलगायतका सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

१४. **श्रोत अनुमान तथा बजेट सीमा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठन गरी उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण र बजेट तर्जुमा मार्गदर्शन गरी कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । समिति गठन भएतापनि ऐनले तोकेअनुसारको कार्य पूर्णरुपले गरेको देखिएन ।

१५. **बजेट तथा कार्यक्रम तर्जुमा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । योजनाको प्राथमिकता तथा कार्यक्रम तर्जुमा गर्दा अन्य विषयगत कार्यालयहरुसंग आपसी तादम्यता मिलाएको देखिएन ।

१६. **स्थानीय तथ्यांक र अभिलेख** :– स्थानीय सरकारी सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा गाउँपालिकाले अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१७. **लक्ष्य प्रगतिको स्थिति** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय प्रशासकीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची - २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । सञ्चालित सबै योजनाको नियमले तोकेअनुसारको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

१८. **चौमासिक खर्च** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रमबमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ४.३५ प्रतिशत, दोश्रो चौमासिकमा ४५.८४ प्रतिशत र तेश्रो चौमासिकमा ४९.८२ प्रतिशत खर्च गरेको देखिएको छ। त्यसैगरि आषाढमा २५.२० प्रतिशत खर्च गरेको देखिएकोले सन्तुलित किसिमले खर्च गर्नुपर्दछ।

१९. **राजस्व कारोबारको लेखा** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजस्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असूलीको भौचर उठाएको देखिएन । दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्दछ ।

२०. **रसिद नियन्त्रण खाता** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदको रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । रसिद नियन्त्रण खाता राखी रसिदको प्रयोगलाई व्यवस्थित बनाउनुपर्दछ ।

२१. **वित्तीय जवाफदेहिता पालना** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने

कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाँउपालिकाले नियमावलीको वित्तीय जवाफदेहिताको पालना गरेको देखिएन ।

२२. **आयको लगत** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिकाले एकीकृत सम्पत्ति कर र घर जग्गा कर, भूमिकर, व्यवसाय कर, सेवा शुल्क, सवारी करलगायतका कर तथा शुल्क असुल गर्न सकिने व्यवस्था गरिएको छ । कार्यालयले यो वर्ष आन्तरिक आय रु. ४३,८४,८६०।४५ गरेको छ । ऐनमा तोकिएका कर तथा शुल्कहरुको अद्यावधिक लगत नराखेकोले असुल भएको रकम र बक्यौता यकिन गर्न सकिएन । कर तथा शुल्कहरुको लगत अद्यावधिक बनाई असुलउपर गर्नुपर्दछ ।

२३. **सम्पत्ति हस्तान्तरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले साविकको रौतेली विचवा गाउँ विकास समिति, नगरपालिका र विषयगत कार्यालयको चल अचल सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा मालसामानहरुको प्रकृतिअनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

२४. **बरबुझारथ** :– मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति र विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२५. **श्रोत नक्साङ्कन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कन गाउँपालिकले तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन । ऐनले तोकेअनुसारको श्रोत नक्सा तयार गर्नुपर्दछ ।

२६. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था गरेको छ । उक्त बुंदामा अन्य कुराहरुको अतिरिक्त उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ । कार्यालयले यो वर्ष सोअनुसार उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्वन्धमा अनुगमन गरेको देखिएन । गाउँपालिकाले उपभोक्ता समितिमार्फत् सञ्चालन गरेका कार्यक्रमहरुको भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाणपत्र भएकासंग खरिद गर्नुपर्ने व्यवस्थाको पूर्णरुपमा पालना भएको छैन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीको अनुगमन गर्नुपर्दछ ।

२७. **कल्याण कोष** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचारलगायतका

सुविधा उपलव्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । गाउँसभाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ठ रु. २,००,०००।०० वित्तीय समानीकरण चालु शीर्षकबाट कर्मचारी कल्याण कोष खातामा जम्मा गरेको छ । आन्तरिक आय शीर्षकबाट खर्च लेख्नुपर्नेमा वित्तीय समानीकरण शीर्षकबाट खर्च लेखेकोले अनियमित देखिएको छ । २,००,०००।-

२८. **विशेष कोषहरु :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार विशेष कोषहरु स्थापना गर्नुपर्ने र सो कोषहरुमा गाउँपालिकाको आन्तरिक आयवाट रकम विनियोजन गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न अनुसारको कोष स्थापना गरी वित्तीय समानीकरण अनुदान रकमबाट खर्च लेखी सो कोषहरुमा जम्मा गरी खर्च गरेको पाईयो । गाउँपालिकाको आन्तरिक आयबाट खर्च लेख्नुपर्नेमा वित्तीय समानिकरण अनुदानवाट खर्च लेखेकोले अनियमित देखिएको छ । १०,००,०००।-

| सि. नं. | कोष खाताहरुको नाम | रकम |
|---|---|---|
| १ | विपद व्यवस्थापन कोष | ५,००,०००/- |
| २ | मर्मत सम्भार कोष | ५,००,०००/- |
| | जम्मा | १०,००,०००/- |

२९. **लक्षित समूहको योजना छनौट र खर्च :–** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १० मा लक्षित समूहको कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाह गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवं खर्च गर्नुपर्ने, लक्षित समूहका नाममा कुनै पनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठी जस्ता कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ । त्यसैगरि दफा १३ मा कार्यालय सञ्चालन तथा चालु प्रकृतिका खर्च गर्न पूँजीगत बजेटबाट निषेध गरिएको छ । कार्यालयले यस वर्ष घरभाडा, खाजा/खाना खर्च जस्ता चालु प्रकृतिका कार्यक्रममा भुक्तानी गरेकोले यसमा नियन्त्रण हुनुपर्दछ ।

३०. **आम्दानी ढिला दाखिला :–** आर्थिक कार्यविधि ऐन, २०५५ परिच्छेद ४ को दफा १३ को उपदफा ४ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी सोको दाखिला गर्न लगाउने र पन्ध्र दिनसम्म ढिलो गरेको भए १५ प्रतिशत जरिवाना गरी सोको दाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिला गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसुरको मात्राअनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष रु. ४६,६५,९०७।३८ आम्दानीमध्ये आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको नगद रु. ६,७०,२२६।३८ मिति २०७५।४।२१ मा मात्र गाउँपालिकाको खातामा दाखिला देखिएकोले कार्यालयबाटै ऐनको प्रावधान बमोजिम कारवाही हुनुपर्ने देखिन्छ ।

३१. **तलबी प्रतिवेदन :–** निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालय, शिक्षकहरुको शिक्षक कितावखाना र स्थानीय कर्मचारीहरुको हकमा आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गराएको छैन । तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

३२. **पारिश्रमिक तथा भत्ता :–** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सदस्यहरुले पाउने पारिश्रमिकको व्यवस्था गरिएको छ । मासिक पारिश्रमिकको साथमा सञ्चार सुविधा र कार्यालयको काममा खटिएको अवधिको दैनिक भ्रमण भत्ताबाहेक अन्य कुनै किसिमको भत्ता सुविधा पाउने व्यवस्था छैन । गाउँपालिकाले पदाधिकारी तथा सदस्यहरुलाई २०७४ श्रावणदेखि नै बैठक भत्ता दिदै आएकोमा सुविधासम्बन्धी ऐन २०७५।३।३ मा प्रमाणीकरण भएपछि तोकिएबमोजिमको पारिश्रमिक रु.३३,३६,०००।०० भुक्तानी गर्दा पहिले भुक्तानी भएको बैठक भत्ता रु. ११,८८,०००।०० कट्टा गरेको देखिएन । ऐनमा व्यवस्था नभएको बैठक भत्ता भुक्तानी गरी खर्च लेखेकोले बैठक भत्ता असुल गर्नुपर्दछ । ११,८८,०००।-

३३. **अनुगमन भत्ता :–** गाउँपालिकाका पदाधिकारी तथा नगरपालिकामा कार्यरत कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ मा तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्चबाहेक नगरपालिकाको क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्दा भत्ता सुविधा पाउने

कुनै व्यवस्था छैन । नगरपालिकाका प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिकका सदस्य, वडा सदस्य तथा कर्मचारीहरुलाई योजना अनुगमन गरेको भनी दैनिक रु.१०००।०० को दरले भत्ता भुक्तानी गरेको पाइयो । यसप्रकारको नपाउने सुविधामा भएको खर्च कार्यालयले नै छानविन गरी असुल गर्नुपर्दछ ।

३४. **विद्युतीय लेखा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्करुपमा उपलब्ध गराई सबै गाँउपालिकाहरुले कगद ल्वतष्यलबी त्चभबकगचथ च्भनगबितयचथ द्वउउष्अिबतष्यल ९कगत्च्द्व० प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले उक्त सफ्टवेयर प्रयोग गरी लेखा राखेको देखिएन ।

३५. **न्याय सम्पादन** :– कार्यालयबाट प्राप्त विवरण अनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको छ ।

| सि. नं. | उजुरीको विवरण | जम्मा दर्ता उजुरी | टुङ्गो लागेका उजुरी | माथिल्लो निकायमा पठाएको | बाँकी उजुरी |
|---|---|---|---|---|---|
| १ | जग्गा विवाद | १२ | ४ | - | ८ |
| २ | लेनदेन कारोवार | ५ | ३ | - | २ |
| ३ | घरायसी विवाद | १७ | १० | - | ७ |
| ४ | बाटो विवाद | ५ | ३ | - | २ |
| ५ | कुटपिट | ३ | २ | - | १ |
| ६ | गाली गलौज | ४ | ३ | - | १ |
| | **जम्मा** | **४६** | **२५** | **-** | **२१** |

३६. वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थलगत अनुगमन नगरी उपभोक्ता समितिबाट पेश गरेको सार्वजनिक परीक्षण प्रतिवेदन संलग्न गरी भुक्तानी गरेको छ । सो प्रतिवेदनमा खुलाउनु पर्ने सबै कुराहरु खुलाएको देखिएन । योजनाको निर्माण कार्य सम्झौताअनुसार समयमा भए नभएको, गुणस्तरयुक्त भए नभएको, निर्माण कार्य सन्तोषजनक भए नभएको सम्बन्धमा लाभग्राही समुहको धारणा खुलाएको देखिएन । निर्माण सामग्री खरिद, उपभोक्ता समितिले तिर्नु बुझाउनु पर्ने रकम र बैक मौज्दात जस्ता कुराहरु नखुलाई उपस्थितको हाजिर र एकमुष्ट आम्दानी खर्चको रकममात्र उल्लेख गरी सार्वजनिक परीक्षण प्रतिवेदन तयार गर्दा सम्झौता अनुसारको कार्य गुणस्तरीय र पारदर्शी भएको छ भन्न सकिने अवस्था देखिदैन । कार्यालयबाट सञ्चालित विभिन्न योजनाको सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरी सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण हुनुपर्दछ ।

३७. **इन्धन खर्च** :– सडक ग्राभेल, स्तरोन्नति र कालोपत्र तथा कल्भर्ट निर्माण कार्यलाई आवश्यक पर्ने निर्माण सामग्रीहरुको नर्म्सअनुसार हिसाब गरी लागत अनुमान तयार गर्नुपर्दछ । योजनाहरुको निर्माणका लागि कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौताअनुसार निर्माण कार्यको प्राविधिक मूल्यांकन र बिल भरपाईको आधारमा कार्यालयले भुक्तानी गर्दा उपभोक्ता समितिले निर्माण सामग्रीको बिल भरपाईको साथमा इन्धनको बिल पनि पेश गर्ने गरेको देखियो । प्रयोग भएको निर्माण सामग्रीको मूल्यभन्दा कैयौ गुणा बढीको इन्धनको बिल पेश हुने गरेको छ । पेश भएको बिलअनुसारको इन्धनको प्रयोजन खुलाउने गरेको छैन । उपभोक्ता समितिले अनावश्यक रुपमा इन्धन खरिद भएको देखाउने र कार्यालयले त्यसलाई मान्यता दिई भुक्तानी गर्दा सरकारी स्रोत साधनको दुरुपयोग नभएको भन्न सकिने अवस्था रहेन । उपभोक्ता समितिलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) अनुसार कारवाही गर्ने र यसप्रकारको खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

३८. **योजना र कार्यान्वयन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकता तोक्नुपर्ने र मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

**व.उ.शी.नं. वित्तीय समानीकरण पूँजीगततर्फ**

३९. **गो. भौ. नं. ४।२०७४।६।३०**

**बढी व्ययभार :–** अमृत कन्स्ट्रक्सन, कञ्चनपुरलाई बेलडाँडी ग्रिन पार्क निर्माण कार्यको अन्तिम बिल रु. २५,६०,९३२।०० भुक्तानी दिएकोमा आईटम नं. १७ को १३५.२५ वर्ग मिटरको टर्फिङको काम निर्माण व्यवसायीले प्रति वर्ग मिटर रु. १५०।०० का दरले रु. २०,२८७।५० कबोल गरेकोमा उक्त कार्य नगरेतापनि कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको पाईयो । निर्माण व्यवसायीले नगरेको उक्त काम फलफुल नर्सरी गोवरैया, कञ्चनपुरबाट गराई रु. ४९,५००।०० भुक्तानी गरेको छ । निर्माण व्यवसायीबाट काम नगराउदा रु. २९,२१२।५० बढी व्ययभार परेको हुँदा सम्बन्धित निर्माण व्यवसायी र प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ । २९,२१२।५०

४०. **गो. भौ. नं. १७।२०७४।१०।२३**

**बिल बिनाको भुक्तानी :–** गाउँपालिका भवनदेखि चौवन्नी बजार क्षेत्रसम्म सडक कालोपत्रे गर्ने कार्यको निर्माण ईन्टरप्राईजेज, कञ्चनपुरलाई अन्तिम बिलको रु. ९,३६,४७८।०० भुक्तानी दिएकोमा पि. एस. आईटममा भएको बिमाको रु.४,०००।०० र प्रयोगशाला परीक्षणको रु. ५,०००।०० समेत रु. ९,०००।०० को मूल्य अभिबृद्धि कर रु. १,१७०।०० थप गरी रु. १०,१७०।०० भुक्तानी दिएकोमा बिल पेश नभएको हुँदा असुल गर्नुपर्दछ । १०,१७०।००

४१. **पूँजीगत शीर्षकबाट चालु प्रकृतिमा खर्च गरेको :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा पूँजीगत खर्चबाट चालु प्रकृतिको खर्च गर्न र राजनैतिक दल तथा तिनका भातृ वा भगिनी संगठन, संघ, संस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन नपाउने व्यवस्था छ । वित्तीय समानीकरण पूँजीगत खर्चतर्फका केही भौचरहरुको छड्के परिक्षण गर्दा गाँउपालिकाले पूँजीगत खर्चबाट तीज विशेष कार्यक्रम, देउडा गीत कार्यक्रम, छात्रवृति तथा आर्थिक सहायता प्रदान गरेको पाईयो । कार्यविधिले निषेध गरेको कार्यमा खर्च गरेकोले अनियमित देखिएको छ । ५९३६९१।००

| सि. नं. | खर्चको विवरण | रकम |
|---|---|---|
| १. | तिज तथा गौरा पर्व कार्यक्रम | १०,०००/- |
| २. | सामाजिक परीक्षण कार्य | २,६२,३५१/- |
| ३. | कक्षा ८ को परीक्षा सञ्चालन खर्च | ७८,४४०/- |
| ४. | सरस्वती मा. वि., झरनासागरका निजी श्रोतका शिक्षकहरुको पारिश्रमिक भुक्तानी | १,४५,५००/- |
| ५. | निजामती सेवा दिवस खर्च | ३३,८६५/- |
| ६. | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ६३,५३५/- |
| | जम्मा | ५,९३,६९१/- |

४२. **ह्युम पाइप खरिद :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिदसम्बन्धी कारबाही शुरु गर्नुअघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा, शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकारप्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने र नियम ११ अनुसार लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने प्रावधान छ । निर्माण सामग्री खरिद गर्दा सम्बन्धित योजना र आवश्यक परिमाण पनि खुलाउनु पर्दछ । खरिद भएपछि निर्माण सामग्री उपयोग गरेको आधारमा खर्च लेख्नुपर्दछ । कार्यालयले विभिन्न साइजको ह्युम पाइप खरिद गरी निम्नअनुसार खर्च लेखेकोले खरिद भएका ह्युम पाइपको उपयोग भएको प्रमाण पेश हुनुपर्दछ । ९६०३७।३७

| गोश्वारा भौचर/मिति | आपूर्तिकर्ताको नाम | खरिद मूल्य |
|---|---|---|
| ३२/०७५/२/२२ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ४,९८,८०४/६० |
| ३३/०७५/२/२२ | गलबाब ट्रेडर्स एण्ड सप्लायर्स, दार्चुला | ४,९७,२३२/७७ |

४३. **लागत अनुमान :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यससम्बन्धी स्पेशिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने र सवारी साधन खरिद गर्नुअघि स्पेशिफिकेसन तयार गरी त्यसको आधारमा नाडा एवं आधिकारिक बिक्रेताहरुसँग दररेट मागी लागत अनुमान तयार गर्नुपर्नेमा स्पेशिफिकेसन तथा लागत अनुमान तयार गर्न नियुक्त परामर्शदाता मेकानिकल इन्जिनियर श्री खेमराज चटौतले लागत अनुमान तयार गर्दा कुनै आधार नलिई गाउँपालिकाले विनियोजन गरेको बजेटलाई आधार मानेकोले लागत अनुमान यथार्थपरक देखिएन । लागत अनुमान तुलनायोग्य नभएकोले खरिद कार्य मितव्ययी

र प्रतिस्पर्धी देखिएन । यस प्रकारको लागत अनुमान तयार गर्ने तथा मूल्यांकनमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| सि. नं. | विवरण | लागत अनुमान | खरिद मूल्य |
|---|---|---|---|
| १ | हाइड्रोलिक टिपर | ३६,५५,०००/- | ३६,४९,०००/- |
| २ | ब्याकहो लोडर | ४२,००,०००/- | ३४,८९,९९९/- |

४४. **कार्य सम्पादन जमानत :–** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २७.४ मा न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदातासँग सम्झौता गर्दा लागत अनुमानको १५ प्रतिशतसम्म घटी कबोल गर्नेसँग ५ प्रतिशत र सोभन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटेर कबोल गरेको छ त्यसको पचास प्रतिशतले हुने रकममा कबोल अंकको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानतबापतको रकम दाखिला वा बैंक जमानत पेश गरेपछि मात्र खरिद सम्झौता गर्न सकिने व्यवस्था छ। यो वर्ष खरिद सम्झौता भएकामध्ये लेखापरीक्षणमा छनोट गरी परीक्षण गर्दा देहायका खरिद सम्झौतामा घटी कार्य सम्पादन जमानत पेश भएको देखिएको छ । कार्यालयले बाँकी खरिद सम्झौताको पनि छानविन गरी जमानत थप गराउनु पर्दछ ।

| योजनाको नाम | निर्माण व्यवसायी | थप गर्नुपर्ने जमानत |
|---|---|---|
| बेलडाडी बजारदेखि खैरीघाट सडक कालोपत्रे | लटिनाथ निर्माण सेवा | २१५४०० |
| बेलडाडी चवन्नी सडक कालोपत्रे | लटिनाथ निर्माण सेवा | ३९१९०० |
| चवन्नीदेखि बैबाह सडक स्तरोन्नति | श्रीकृष्ण कन्स्ट्रक्सन | २०२४०० |
| खैरीघाट सिमलडाडी सडक कालोपत्रे | पन्त कन्स्ट्रक्सन | १९६२०० |
| इमिलिया मोहना पिपलचौतारा सडक | अहिल्या कन्स्ट्रक्सन | १३६७०० |
| | **जम्मा** | **११४२६००** |

४५. **नापीभन्दा बढी भुक्तानी :–** निर्माण कार्यको भुक्तानी गर्दा नापी मूल्यांकनअनुसार गर्नुपर्नेमा निर्माण व्यवसायी वाइ.आर.मित्र जे.भी. लाई कामको नापी मूल्यांकन भएको रु. ६६६६२०५।०२ मात्र भुक्तानी गनुपर्नेमा रु.६६८००१०।५७ गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. १३८०५।५५

४६. **गैरसरकारी संस्थाबाट कार्य :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान गरी त्यस्तो काम गर्ने उद्देश्य राखी कानून बमोजिम दर्ता भएको मौजुदा सूचीमा रहेका गैरसरकारी संस्थाबाट कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव माग गरी माग गरेका प्रस्तावहरु मध्ये उपयुक्त प्रस्ताव स्वीकृत गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्षमा विभिन्न गैरसरकारी संस्थाहरुलाई लक्षित समूह तर्फका कार्यक्रमहरु सञ्चालन गर्न दिएकोमा नियमावली अनुसारको प्रस्ताव माग गरी छनौट गरेको देखिएन । नियमअनुसार छनोट नगरी काम गराई खर्च गरेकोले खर्च नियमित देखिएन । ३,८८,०००।००

| गो. भा. नं. र मिति | गैरसरकारी संस्थाको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १८४/०७५/२/३० | ग्रामीण एकीकृत रुपान्तरण नेपाल | लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन | २९१००० |
| १७०/०७५/२/२० | युनेस्को एकीकरण महिला विकास (विड) नेपाल) | महिला हिंसा न्यूनीकरण सचेतना कार्यक्रम | ९७००० |

**व.उ.शी.नं. वित्तीय समानीकरण अनुदान शिक्षा तर्फ**

४७. गाउँपालिकाअन्तर्गत माध्यमिक विद्यालय ६ र आधारभूत विद्यालय ८ समेत १४ विद्यालयहरुमा कार्यरत शिक्षकहरु दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु पेश हुन नआएको तथा विद्यालयगत निकासा खाता नराखेकोले विद्यालयहरुलाई निकासा भएको रकम यकिन गर्ने आधार देखिएन। तसर्थ कार्यालयले विद्यालयहरुमा कार्यरत शिक्षकहरु दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु राख्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :–

४८. **गो. भौ. नं. २५।२०७५।३।२१**

**अनियमित निकासा :–** स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । स्थानीय तहमा सामुदायिक सिकाई केन्द्रलाई आई. सि. टी. पूर्वाधारसहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्न रु. २ लाख बजेट व्यवस्था भएकोमा सरस्वती माध्यमिक विद्यालय झरानासागरलाई निकासा दिएको

पाईयो । जिल्ला शिक्षा कार्यालयबाट सामुदायिक अध्ययन केन्द्रलाई स्वीकृति दिएको नपाइएकोले उक्त विद्यालयलाई दिएको निकासा अनियमित देखिएको छ । २,००,०००।००

४९. **पारिश्रमिक आयकर** :– करयोग्य आय भएका कर्मचारी तथा शिक्षकको पारिश्रमिक कर आयकर ऐन, २०५८ को दफा ८७ को अनुसुची १ बमोजिम कर गणना गरी पारिश्रमिक अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । दोहायका विद्यालयका शिक्षकहरुको वार्षिक पारिश्रमिक करयोग्य देखिएकोले कर असुल गरी संघीय सञ्चित कोष दाखिला दाखिला हुनुपर्दछ । ५१,०८९।००

| सि. नं. | शिक्षकको नाम | वार्षिक आय रकम | वार्षिक छुट पाउने रकम | कर योग्य रकम | कर रकम |
|---|---|---|---|---|---|
| १ | श्री रामदत्त जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| २ | श्री गोरख बहादुर विष्ट | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ३ | श्री बम बहादुर बुढा | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ४ | श्री लोकेन्द्र बहादुर थापा | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ५ | श्री ध्वज बहादुर विष्ट | ५,२९,६९२/- | ४,४६,५४०/- | ८३,१५२/- | १२,४७३/- |
| | जम्मा | | | | ५१,०८९/- |

**व.उ.शी.नं. वित्तीय समानीकरण अनुदान स्वास्थ्य कार्यक्रमतर्फ**

५०. प्राथमिक स्वास्थ्य केन्द्र, बेलडाँडीको औषधिको जिन्सी खाता परिक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :–

५०.१ स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसारको ASL ( Authorized Stock Level ) र EOP ( Emergency Order Point ) अनुसारको औषधिको स्टक खुलाई राख्नुपर्नेमा सो अनुसार खुलाई राखेको र Emergency Order Point भएपछि औषधि माग गर्नुपर्नेमा सो अनुसार भए गरेको देखिएन । स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसार गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :

| सि. नं. | औषधीको नाम | कैफियत देखिएका व्यहोराहरु |
|---|---|---|
| १. | जीवन जल | मिति २०७४।७।७ देखि २०७४।१०।२ सम्म २०० प्याकेटमात्र मौज्दात रहेको । |
| २. | भिटामिन बि कम्प्लेक्स | मिति २०७४।१०।३० देखि २०७५।२।२२ सम्म शुन्य मौज्दात रहेको । |
| ३. | अल्बेण्डाजोल ४०० एम जि | मिति २०७४।७।५ देखि २०७४।८।३ सम्म १०० ट्याबलेटमात्र मौज्दात रहेको । |
| ४. | एमोक्सोसिलिन ५०० एम जि | मिति २०७४।१२।२० देखि २०७५ असार मसान्तमा शुन्य मौज्दात रहेको । |
| ५. | मेट्रोनिडाजोल २०० एम जि | मिति २०७४।४।१ देखि २०७५।३ मसान्तसम्म शुन्य मौज्दात रहेको । |
| ६. | आईरन चक्की ६० एम जि | मिति २०७४।८।१९ देखि २०७४।९।१९ सम्म शुन्य मौज्दात रहेको । |

**व.उ.शी.नं. महिला विकास कार्यक्रमतर्फ**

५१. **बिउपूजी चालुकोष** :– चालुकोष स्थापना तथा बिउपुँजी परिचालन निर्देशिका नं. ३.३१ अनुसार संस्थासंग भएको सम्झौता अवधि तथा नवीकरण भएको अवस्थामा सो अवधिसमेत समाप्त भएमा र सम्झौता रद्ध भएकोमध्ये कुनै एक अवस्थामा संस्थाले कार्यालयलाई अनिवार्य रुपमा सो अवधि समाप्त भएको मितिले २ महिना भित्र २ प्रतिशत ब्याजसहितको बिउपुँजी फिर्ता गर्नुपर्ने तथा निर्देशिकाको नं. ३.३२ बमोजिम अवधि समाप्त भएपछि पनि संस्थाले कार्यालयलाई विउपुँजी फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । महिला तथा बालवालिका कार्यालय खारेज भएको अवस्थामा आ.व.२०७३।७४ मा लगानी भएको इमलिया महिला विकास समितिलाई उपलब्ध गराएको विउपूजी रु. ५०,०००।०० (पचास हजार) लेखापरीक्षण अवधिसम्म उठन बाँकी रहेको व्याज रु. १,०००।०० समेत रु. ५१,०००।०० नियमानुसार असुल हुनुपर्दछ । ५१,०००।००

**व.उ.शी.नं. कृषि विकास कार्यक्रमतर्फ**

५२. **गो. भौ. नं. २।२०७४।६।२४**

**किट्स वितरण** :– कृषक अनुदान कार्यक्रम निर्देशिका, २०७३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । निम्नअनुसारको मिनी किट्स खरिद र वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु. १,७०,०००।-

| क्र. स. | विवरण | रकम |
|---|---|---|
| १ | मिनि किट्स खरिद | १,२०,००० |
| २ | मिनि किट्स खरिद | ५०,००० |
| ३ | मिनुअल रेसुङ्गा सिड | २५,५०० |
| ४ | रायो खुमल | ५३,७०० |
| ५ | टमाटर | ३२,३०० |
| ६ | काउली | ३४,००० |

| | | | |
|---|---|---|---|
| ७ | बन्दा | | २५,५०० |
| | | जम्मा | १,७०,००० |

५३. **गो. भौ. नं. ५२।२०७५।२।२९**

**सहकारीको खर्च :–** साना व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ । हुनैना कृषक समूह, वडा नं. १ को रु. २,८५,०००।०० खर्च गरेकोमध्ये डोर हाजिर प्रमाणित नगरेको खर्च रु. ७८,४१०।०० असुल हुनुपर्दछ । ७८,४१०।००

५४. **मेशिनबाट काम गराएको :–** सडक मर्मत तथा निर्माण कार्यको अर्थ वर्क एक्साभेसनको लागत अनुमान बनाउदा म्यानुअलको नर्म्स प्रयोग गरी तयार गरेको र काम चाहीँ मेशिनबाट हुने गरेकोमा पनि मेसिनको दरले भुक्तानी नगरी म्यानुअलको दरले गर्ने गरेको देखियो । कार्यालयकोतर्फबाट छानविन गरी सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको छ ।

५५. **पेश्की :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । पेश्की फछ्र्यौट हुन बाँकी रहेको नियमानुसार फछ्र्यौट हुनुपर्दछ । १७,६६,९००।-

| सि. नं. | पेश्की दिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| | | व.उ.शि.नं. वित्तिय समानिकरण पूँजीगततर्फ | |
| १ | २०७४/१०/१८ | श्री वाई. आर. मित्र जे. भी. | १७,६६,९००/- |
| | | कुल जम्मा | १७,६६,९००/- |

५६. **सामाजिक सुरक्षा भत्ता :–** सामाजिक सुरक्षा सम्बन्धी नियमावली, २०७२ अर्न्तगत लाभग्राहीको वडागत विवरण राख्नुपर्ने व्यवस्था रहेकोमा लाभग्राहीको नामावली नियमानुसार अद्यावधिक गरि राख्नुपर्ने व्यवस्थाको पुर्ण पालना गरिएको छैन । बैंक मार्फत भुक्तानी भएको रकममा नाम नामेसीसहितको विवरण हुनुपर्ने र पञ्जिकरण विभागको एम. आई. एस. सिष्टममा समावेश नभएका र लगत कट्टी भएका लाभग्राहीको समेत भुक्तानी भएकाले सम्बन्धित गाउँपालिकाबाट छानबिन भई सम्बन्धित संलग्न कर्मचारीलाई कारबाही समेत हुनुपर्दछ । लगत कट्टा भई भुक्तानी दिएको कञ्चन विकास बैंकको विवरण अनुसार रु. २,९९,०००।०० संघीय सर्व संचित कोषमा दाखिला हुनपर्दछ । २,९९,०००।००

५७. **आन्तरिक लेखापरीक्षण :–** आर्थिक कार्यविधि नियमावलीको नियम ९६.३ मा आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडिनै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनुपर्ने प्रावधान छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम भएको देहायका बेरुजु लेखापरीक्षणको अवधिसम्म असुल फछ्र्यौट गरेको नदेखिएकोले असुल फछ्र्यौट गर्नुपर्दछ ।

५७.१ ठेक्का नम्बर ०५।२०७४।७५ गाउँपालिकादेखि चवन्नी बजार जाने सडक कालोपत्रे गर्ने कार्यका लागि निर्माण व्यवसायी लटिनाथ निर्माण सेवा वेल्डाडी १ कन्चनपुरसंग मिति २०७४।११।२३ मा रु. ३७८०१७४।७६ सम्झौता भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार आईटम नम्वर ४, ५, ६, ७, ८ र ९ को निर्माण कार्य नगरी आईटम नम्बर १, २, ३ मा सार्वजनिक खरिद ऐन नियम विपरीत भेरियसन गरी भुक्तानी भएको रु. ३६,४२,२१३।२९ नियमित देखिएन । ३६,४२,२१३।२९

५७.२ ठेक्का नम्बर ०४।२०७४।७५ वेल्डाडी बजारदेखि खैरघाट जाने सडक कालोपत्रे गर्ने कार्यका लागि निर्माण व्यवसायी लटिनाथ निर्माण सेवा, वेल्डाडी १ कन्चनपुरसंग मिति २०७४।११।२३ मा रु. २४,०२,३३१।४२ को ठेक्का सम्झौता भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार आईटम नम्वर ४, ५, ६, ७, ८ र ९ को निर्माण कार्य नगरी आईटम नम्बर १, २, ३ मात्र निर्माण कार्य सम्पन्न गरी उक्त ठेक्काको कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गरेको रु. १६,८६,३२७।९५ नियमित देखिएन । १६,८६,३२७।९५

५७.३ गो. भौ. नं. २०।२०७४।१०।१४ बाट गाउपालिकाले स्वास्थ्य संस्थाहरुका लागि औषधि खरिद वापत रु. १,५०,०००।०० भुक्तानी गरिएकोमा आपूर्तिकर्ताहरुबाट दररेट पेश गर्दा मुल्य अभिबृद्धि कर थप हुने वा नहुने सम्बन्धमा दररेट पेश गर्दा नै उल्लेख गर्नुपर्ने हुदा करबापत भुक्तानी भएको रु. ५,२९१।०० असुल गर्नुपर्दछ । ५,२९१।००

५७.४ गाउँपालिकाले तय गरेको लक्ष्य, निर्धारण गरेको नीति तथा प्राथमिकताको क्षेत्रहरु, गाउसभाका निर्णयहरु, पारित बजेट विवरण, योजना तथा कार्यक्रम विवरण, भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन, योजना तर्जुमा र अवलम्वन गरेको प्रक्रियाहरु जस्ता सुशासनको औजारहरु समावेश गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले सम्पादन गर्न कार्य मितव्ययी, प्रभावकारी, नियमितता कार्यदक्षता अभिवृद्धि गर्न, भौतिक तथा वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५७.५ आर्थिक वर्ष २०७४।७५ मा संचालित योजनाहरुमध्ये के कति सम्पन्न भए र के कति क्रमागतमा रहेका छन् र कति योजना उपभोक्ताहरुलाई हस्तान्तरण भए सोसम्बन्धी क्षेत्रगत विवरण तयार गर्नुपर्दछ।

५८. **वित्तीय जवाफदेहिता :–** कार्यालयको आन्तरिक व्यवस्थापन, खरिद व्यवस्थापन, वित्तीय व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीलगायत विषयमा तयार गरिएको वित्तीय जवाफदेहिता सुचकका आधारमा मुल्यांकन गर्दा यो गाउँपालिका “सी” ग्रेडिङ्गमा परेकोले वित्तीय जवाफदेहिता प्रर्वद्धन गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ।

५९. **बेरुजू :–** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. १६ लाख १८ हजार, अनियमित बेरुजू रु. ७७ लाख ४० हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ३ लाख ४४ हजार र पेश्की बाँकी देखिएको रु. १७ लाख ६७ हजारसमेत रु. १ करोड १४ लाख ६९ हजार बेरुजू कायम भएको छ। प्रतिक्रिया प्राप्त भएको छैन।

६०. **अनुगमन तथा मूल्याङ्कन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (द्ब) | यो वर्ष फछ्र्यौट (ञ) | बाँकी (ॠ द्ब.ञ) |
|---|---|---|
| १,६०,०००/- | १,६०,०००/- | - |

६१. **अद्यावधिक बेरुजु स्थिति :–** बेलडाँडी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (अ) | यो वर्षको सं प.बाट कायम बेरुजु (त्त) | यो वर्षको कायम बेरुजु (इ) | बाँकी (ङ ॠ्म) |
|---|---|---|---|
| - | - | १,१४,६९,१४७/६६ | १,१४,६९,१४७/६६ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ।

अनुसूची– १

# बेलडाँडी गाउँपालिकाको बेरुजू वर्गीकरण
## २०७४।७५

(रु.हजारमा)

| स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | |
| | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा |
| डाँडी गाउँपालिका | ४६ | १९ | १,१४,६९ | - | - | - | ४६ | १९ | १,१४,६९ | १६,१८ | ७७,४० | ३,४४ | - | - | ८०,८४ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | बेलडाँडी गाउँपालिका | कञ्चनपुर | १,९७,०८ | १८,७२,६१ | ३,४८,८५ | ९६,६८ | २३,१८,१४ | ११,५६,४४ | ११,८९,७८ | १३,०९ | २३,५९,३१ | १५५९१ |